दक्षिणकाली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाण्डौ, बागमती प्रदेश

प.सं. ०७८/०७९
च.नं. शिक्षा - ३३

मिति:२०७८/०९/०५

श्री सबै सामूदायिक,संस्थागत तथा धार्मिक विद्यालयहरु
द.न.पा , फर्पिङ

विषय : विद्यालय संचालन सम्बन्धमा ।

उपर्युक्त विषयमा यस न.पा. अन्तर्गत संचालित सबै सामूदायिक, संस्थागत तथा धार्मिक विद्यालयहरु विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को माहामारीको कारण विगत लामो समय सम्म बन्द भै संञ्चालनमा रहेका तथा पुनः कोभिड १९ को नयाँ लहर आउने भन्ने खबरहरु समेत आईरहेको सन्दर्भमा यो वर्ष विद्यालयहरुमा जाडो विदा गर्दा विद्यार्थीहरुको सिकाई अवधी तथा पाठ्यभार अपुग हुन सक्ने समेत देखिएकोले यस वर्ष जाडो विदा नगरि नियमित रुपमा स्वास्थ्य मापदण्डहरुको पूर्ण पालना गरी विद्यालय संचालन गर्ने गराउने व्यवस्था मिलाउनु हुन अनुरोध छ। साथै चालु शैक्षिक सत्रमा संञ्चालन गरिने विद्यार्थीहरुको त्रैमासिक, अर्धवार्षिक परीक्षा लगायतका सबै आन्तरिक मूल्याङ्कन विधीहरु आ आफ्नो विद्यालयको पठन-पाठन, पाठ्यक्रम-पाठ्यपुस्तक-सिकाई उपलब्धीहरु पुरा भएको अवस्था समेतलाई ध्यानमा राखि वि.व्य.समितिको निर्णयबाट समय निर्धारण गरि संचालन हुने व्यवस्था गर्नु गराउनु हुन समेत अनुरोध छ ।

डण्डपाणी शर्मा
उप सचिव
अधिकृत , दशौं